प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय, सुनसरी

कोशी प्रदेश, ईनरुवा नेपाल

ईमेल:dhosunsari@yahoo.com

## प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०१।२९ (१२ मे सन २०२५)

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सुनसरी जिल्ला अन्तर्गत रहेका स्थानिय तहहरुमा रहेका स्वास्थ्य संस्थाहरुमा एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालिलाई डिजिटलाइजेशन कार्य संचालन गर्न प्रति स्वास्थ्य संस्थाहरुको (eHMIS) सफ्टवेयर खरिद गरी जडान गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ क" तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ अनुसार छुट्टा छुट्टै खमवन्दी गरी लिखित प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नाका लागि सूचना प्रकाशित भएको मितिले १५औं (पन्द्र) दिन कार्यालय समय भित्र तपशिलमा उल्लेखित कागजातहरुका साथ कार्यालयमा पेश गर्नु हुनका लागि सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राविधिक प्रस्तावको मूल्यांकनपछि उत्तिर्ण भएको प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ । कार्य क्षेत्रगत सर्त (TOR) र RFP (Request for proposals) का लागि यस कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्नुहुन अनुरोध छ । अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

तपशिलः

१. संस्थागत प्रोफाइल ।

२. संस्थाको VAT/PAN दर्ता प्रमाणपत्र ।

३. आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा कर चुक्ताको म्याद थपको प्रमाण पत्र ।

४. सम्पन्न कार्यहरुको विस्तृत सूचि ।

५. अध्यावधिक गरिएको व्यक्तिगत विवरण, अनुभव, विशेषज्ञताको क्षेत्र, योग्यता, तालिम सहितको मानव संसाधनको सूचि ।

६. सम्बन्धित क्षेत्रमा गरेको कामहरुको विगत ५ वर्षको कार्यसम्पन्न/अनुभवको प्रमाणपत्रहरु पेश गर्नु पर्नेछ र सो भन्दा बढी अवधिको कार्य सम्पन्न अनुभव भएकालाई प्राथमिकता दिईनेछ। ।

७. सम्बन्धित कार्यालयमा दर्ता भई नियमित रुपमा नविकरण भएको।

८. स्वास्थ्य क्षेत्रमा eHMIS सफ्टवेयर विकास स्थापना र संचालन सम्बन्धी अनुभव भएको ।

९. स्वास्थ्य सेवा विभागको व्यवस्थापन माहाशाखाबाट API स्वीकृत प्राप्त गरेको हुनु पर्ने ।

१०. स्वास्थ्य सेवा विभागबाट मान्यता प्राप्त भएको फर्महरुलाई विशेष ग्रायहता दिईने छ ।

११. तोकिएको ढाँचामा रित पुर्वकको प्रस्ताव सूचना प्रकाशित भएको मितिले १६औं दिन, दिनको ठिक १२.०० बजे भित्र कार्यालय समयमा स्वास्थ्य कार्यालय सुनसरीमा दर्ता गराई सक्नु पर्ने छ र सोहि दिन दिनको २.०० बजे प्राविधिक प्रस्ताव खोलिने छ ।

१२. प्रस्तावको खाका TOR र Specification यस कार्यालयमा कार्यालय समयमा सम्पर्क राखि लिन सकिनेछ ।

१३. प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै व्यहोरा खुल्नेगरी खामबन्दी गरी पेश गर्नु पर्ने छ ।

१४. प्राविधिक प्रस्तावमा छनौट भएका प्रस्तावदाताहरुले आर्थिक प्रस्ताव खोल्नु भन्दा पहिला उपलब्ध गराउने सफ्टवेयरको डेमोष्ट्रेशन प्रस्तुतिकरण गर्नु पर्ने ।

१५. सफ्टवेयर जडान भएको १ बर्ष सम्म निःशुल्क नविकरण गर्नु पर्ने ।

१६. TOR बमोजिम सम्बन्धित कागजात, यूजर मेन्युवल र अन्य विवरण अनिवार्य पेश गर्नु पर्नेछ ।

१७. प्रस्तावमा उल्लेख भएको कागजातमा कुनै त्रुटी भेटिएमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम अन्तिम टुङ्गो लगाइनेछ ।

१८. खरिद गरिने परामर्श सेवामा तोकिएको स्वास्थ्य संस्थाहरु वाहेक कार्यालयलाई आवश्यक भएको थप स्वास्थ्य संस्थाहरुको समेत User ID/Password र सुचकहरु थप घट गर्नका लागि प्रतिबद्दता पत्र पेश गर्नु पर्ने छ ।

१९. प्रस्ताव छनौटको सूचना स्वास्थ्य कार्यालय, सुनसरी, राष्ट्रिय दैनिक पत्रिका र स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, विराटनगरको वेवसाईटबाट पाउन सकिने छ ।

२० सूचना प्रकाशित भएको मिति सम्म यस कार्यालयमा सम्बन्धित कम्पनि/फर्म सूचिकृत भएको हुनु पर्नेछ।

थप जानकारीको लागिः

स्वास्थ्य कार्यालय, सुनसरीमा सम्पर्क गर्नु हुन।